# शुभकामना सन्देश

आदरणीय नगरबासी महानुभावहरु,

हार्दिक अभिवादन,

संघीय गणतन्त्र नेपालको संविधान जारी भएपछिको स्थानीय तहको निर्वाचन भएको झण्डै १५ महिना वितिसकेको छ । साविकका ६ वटा गा.वि.स मिलेर बनेको यस बूढानीलकण्ठ नगरपालिकाको भौतिक पूर्वाधार प्रशासनीक संरचना, दक्ष आवश्यक जनशक्तीको अभाव, कार्य सन्चालन ऐन, नियमहरुको अभवा, अनुभवको कमीका बाबजुद पनि आफ्नो संस्थागत विकासको व्यवस्थापन गर्दै अगाडि बढिरहेका छौं । हिजो भन्दा हरेक दिन आफ्ना व्यवस्थापन योजना र काममा सुदृढीकरण गर्दै जनताहरुको सेवामा विश्वास र भरपर्दो शुसासनको प्रत्याभुतिमा हामी दृढताका साथ अगाढि बढिरहेका छौं । जनताहरुको विश्वार र आस्थाको जगमा उभिएको तपाईको स्थानीय सरकार विबिध अभाव र अपर्याप्तता विच सेवा, विकास संरक्षण र न्याय प्रदान गर्न हाम्रो मुल कर्तव्यमा कुनै सम्झौता गर्ने छैनौ । तसर्थ २०७५ सालको विजयदशमी लगायतका चाडपर्व र योजन कार्यान्वयनको शुरुवातको अवशरमा निम्न अनुरोध गर्न चाहन्छौं ।

## १. धैर्य रहनआग्रहः-

नेपालको आर्थिक अवस्था र विकासको कामगर्ने क्षमता, नागरिहरुको बढ्दो अपेक्षा, संक्रमणकालिन व्यवस्थापन आदिका कारण सवै समस्या एकै पटक छिटै समाधान गर्न कठिन भएको कारण, हाम्रो स्रोत साधन , समस्याको पहिचान, प्राथमिकताछनौट र कार्यान्वयन क्षमता अनुशार क्रमश अगाडि बढ्नु पर्ने भएकोले सवै क्षेत्रका सवै समस्या एकै पटक गर्न नसकिने र क्रम समाधान गर्दै अगाडि बढ्नु पर्ने भएकोले साधन, स्रोत बजेट विनियोजन क्रमशःप्राथमिकतानुशार हुदै जाने भएकोले आम नगरबासीहरुले धैर्यधारण गर्न अनुरोध गरिन्छ ।

## २. योजना कार्यान्वयन सम्बन्धमा :-

हरेक वर्ष नगरपालिकाको योजना छनौट, प्राथमिकिकरण, बजेट विनियोजन सहित आ.व. को शुरुमा बजेट निर्माण हुन्छ । चालु वर्षको समिक्षा र मूल्याँकन बाट नयाँ वर्षको नीतिकार्यक्रम, योजना र बजेट निर्माण गरी कार्यान्वयन गरनिछ । हाम्रो बजेट निर्माण र कार्यान्वयन प्रक्रिया राम्रो र व्यवस्थित गर्न गाह्रो भएको छ । नगरपालिकाको गुरु योजना अनुशार योजना छनौट भन्दा स्थानीय आवश्यक्ता, सक्रियता र माग अनुसार गर्ने चलन छ। कार्यान्वयन प्रक्रिया चुस्त, व्यवस्थित हुन सकेको छैन ।

तसर्थ यस आ.व. २०७५।०७६ देखि कुनै पनि योजना सम्झौता र कार्यादेश प्राप्त नगरी कार्यान्वयन नगर्न अनुरोध गरिन्छ । नगरपालिकाले तयार गरेको योजना कार्यान्वयन प्रक्रिया र तालिका अनुसार कार्य गर्न गराउन सबै वडा समिति, उपभोक्ता समिति र सम्बद्ध पक्षहरुलाई अनुरोध गरिन्छ ।

शुसासन, पारदर्शी सेवा प्रवाह सम्बन्धमाः जनताहरुलाई सजिलो, सुलभ प्रक्रियाबाट छिटोछरितो सेवा प्रवाह हाम्रो अठोट प्रतिवद्धता हो । यसमा कुनै कमीकमजोरी भएको पाईएमा सम्बन्धित पक्ष, ब्यक्ति जवाफदेही हुनुपर्नेछ । न.पा को कामकार्यवाही कुनै गोप्य राख्नु जरुरी छैन । आर्थिक कारोबारका निश्चित बिषयहरु बाहेक सबै प्रष्ट र पारदर्शी बनाउने हाम्रो उद्देश्य हुनेछ । ढिला सुस्ती, अनियमितता, भोली भन्ने प्रवृत्ति र जनताबाट अतिरिक्त गैरकानुनी शुल्क लिने काम बूढानीलकण्ठ नगरपालिकामा हुनेछैन ।

### ३) बन, बातावरण, फोहोरमैला ब्यवस्थापन र सरसफाईः

1. प्रत्येक घरमा दुई रुख अनिवार्य हुनुपर्नेछ । बेलाबेलामा अनुगमन समेत हुनेछ ।
2. सार्वजनिक जग्गामा रहेका रुखबिरुवा बिना औचित्य र स्वीकृत बेगर मास्न/बिगार्न पाईनेछैन । मास्ने र बिगार्ने गरेको पाईएमा जरिवाना हुनेछ ।
3. प्रत्येक नागरिकहरुले आफ्नो घरको फोहोर न्युनीकरण गरी छुट्टछुट्टै ब्यवस्थापन गर्नुपर्नेछ ।
4. न.पा ले जारी गरेको फोहोरमैला ब्यवस्थापन सम्बन्धी नागरिक आचारसंहिता पालन गर्नु नगरवासीको कर्तब्य हुनेछ ।
5. कुनै पनि घरधनी, ब्यवसायीको कारण सार्वजनिक असुविधा र नोक्सान पुऱ्याउनु दण्डनीय कार्य हो ।
6. सार्वजनिक स्थल सफा राख्नु र सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तब्य हो ।
7. मुख्य सडह वरपर बस्ने र ब्यवसाय गर्ने ब्यक्ति/संस्थाहरुले मुल सडकको संरक्षण, सरसफाई र गरीमा कायम राख्नु उसको दायित्व भित्र पर्दछ ।
8. प्रत्येक नगरवासीहरुले आफ्नो घरपसल, प्रतिष्ठानको ५ मिटर बाहिरसम्मको घेरा सफा र ब्यवस्थि तगर्ने दायित्व रहन्छ ।
9. खर्च नगरीकन , थोरै होसियारी र अनुशासन पालना गर्दा तपाईंको शहरबस्ती सफा र सुन्दर बन्न सक्दछ ।

## ४) धर्म संस्कृति परम्परा, चाडपर्व संरक्षण सम्बन्धमाः

1. आफ्नो धर्मसंस्कृति संरक्षण गरौँ/अरुको धर्म संस्कृतिलाई सम्मान गर्न सिकौँ ।
2. आफ्नो संस्कृति र मौलिक पहिचानको संरक्षण गर्ने योजना बनाऔँ, अतिक्रमण हुनबाट बचाऔँ ।

३) सबै जाति भाषा धर्म संस्कृति, विच सहिष्णुता कायम गरी सम्मद्धिको लागि सहकार्य गरौ।

४) चाडपर्व , रिति रिवाज भोज भतेरमा आफ्नो क्षमता , आम्दानि हेरेर खर्च गर्ने गरौ।

५) घाँटि हेरी हाड निलौ / अरुको देखासिखि र दवावमा परेर खर्च नगरि मितव्ययी बनौ।

६) गरीव, दुखि , विपन्न असहाय हरुलाई प्राथमिक्ता दिऔ।

७) एतिहासिक , प्राचिन, मठ मन्दिर र पुरातात्विक समपदाहरुको संरक्षण गरौ।

८) आफ्नो टोल, वडा र नगरलाई धेरैले मन पराउने आकर्षणको केहि न केहि काम गरौ।

९) सवेरै उठ्ने, योग तथा हिंडडुल गर्ने संस्कृतीको विकास गरौ।

## ५) नगर वासिहरुको दायित्व र कर्तवय सम्बन्धमा

१) बूढानीलकण्ठ नगरपालिकाको मुख्य सोच (VISION) बारे जानकारी राखौ।

२) नगरपालिकाको स्थानीय सरकार , जनताहरुको नजिकको सहयोगी सरकार हो, यस लाई बलियो र सक्षम र स्रोत साधन सम्पन्न बनाउन सहयोग गरौ।

३) नगरमा भएका कमजोरीहरु भए , गुनासोमा लेखेरे, प्रत्यक्ष भेटेर सुधार्न सहयोग गरौ।

४)पारदर्शि प्रशासन र जनतालाई शुसासनमा गर्नुपर्ने थप सुझाव प्रदान गरौ।

५) नगरपालिकाको काम प्रति आग्रह- पुर्वाग्रह नराखी सकरात्मक सहयोग पुर्यारऔ।

६) नगरपालिकामा शुन्य भ्रष्टचार कायम गर्न सहयोग पुर्या औ।

७) नगर बासिहरुको ज्ञान, योग्यता, क्षमता सीप साधन स्रोत पहुँच र सल्लाह सहयोग बाट नगरपालिका सम्मृद बनाउन सवैमा हार्दिक अपिल गर्दछु।

## ६) सेवा तथा बजार व्यवस्थापन बारे

१) मासु व्यावसायीहरुले व्यवसाय र विक्रि स्थलको सरसफाई र गुणस्तरिय मापदण्ड कायम गर्नुहोस।

२) बजार तथा पसल व्यवशायिहरुले पसलमा बस्तुहरुको विक्रि मुल्य देखिनेगरी राख्नुहोस ।

३) आफ्ना व्यवशाय र बजारको कारण अरुलाई असुविधा नपुऱ्याउनुहोस ।

४) कुहिएका ,सडेका , म्याद नागेका, मापदण्ड विपरित बस्तुहरु बिक्रि वितरण नगर्नुहोस ।

५) चाडपर्वको बेला कुनै पनि वस्तुको बिक्रिमा चर्को मुल्य नलगाउनुहोस ।

६) व्यपार व्यवसाय गर्दा तोकिएको बाहेक सार्वजनिक स्थलमा व्यपार व्यवसाय नगर्नुहोस। साथै बटुवाहरुलाई असुविधा नपुऱ्याउनुहोस ।

७) नगरपालिका भित्र कुनै पनि व्ययपार व्यवसाय वा आर्थिक कारोवार गर्न स्विकृती अनिवार्य लिनुहोस ।

८) आर्थिक कारोवार गरे वापत तोकेको कर नगरपालिकामा अनिवार्य रुपमा बुभाउनुहोस .

९) स्वच्छ सुन्दर समृद्ध नगरपालिकाक निर्माण गर्ने दायित्व तपाईहरुको पनि हो ।

१०) नगरका नियम कानुन विपरित गर्ने वा नियम नमान्ने बिरुद्ध कुनै पनि बेला कानुनि कारवाही गर्न सकिने छ ।

अन्तमा ,

नेपालिहरुको धर्म संस्कृति, रिति रिवाज चाडपर्व ,मौलिक पहिचानको संरक्षण संम्बर्धन गर्न र आउदा चाडपर्वहरु मितव्ययी , स्वास्थ्य वर्द्धक, मेलमिलाप सहकार्य शुसासन, मनोरञ्जन पुर्ण बन्न सकोस भनि नगरवासि र सम्पुर्ण नागरिकहरु प्रति शुभकामना व्यक्त गर्दछु।

उद्धव खरेल

नगर प्रमुख , बूढानीलकण्ठ नगरपालिका

२०७५ आश्विन २६